बैठक संख्या : ०८२/०८३/१४

आज मिति २०८२।१२।०५ गते बिहिबारका दिन यस माथागढी गाउँपालिकाका अध्यक्ष श्री यम बहादुर थिंदी ज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरूको उपस्थितिमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय लिनका लागि गाउँ कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान :११.०० बजे ।

स्थान : गाउँ कार्यपालिका भवन, झडेवा, पाल्पा ।

उपस्थिति :

| सि.नं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री यम बहादुर थिंदी | अध्यक्ष | |
| २. | श्री बिष्णु माया गुरुङ्चे | उपाध्यक्ष | |
| ३ | श्री राजकुमार पन्थी | सदस्य | |
| ४ | श्री बोम बहादुर टाठा | सदस्य | |
| ५. | श्री तेज बहादुर घर्ति मगर | सदस्य | |
| ६ | श्री शंकर दर्लामी | सदस्य | |
| ७. | श्री गणेशमान शाहा | सदस्य | |
| ८. | श्री युव बहादुर टाठा मगर | सदस्य | |
| ९. | श्री जीत बहादुर दर्लामी | सदस्य | |
| १०. | श्री दिल बहादुर हेंगा | सदस्य | |
| ११. | श्री तुलसा न्यौपाने | सदस्य | |
| १२. | श्री मगती कुमाल | सदस्य | |
| १३. | श्री रुकुमी सुनारी | सदस्य | |
| १४. | श्री लिला सरा थिंदी | सदस्य | |
| १५. | श्री पुर्ण बहादुर सुनार | सदस्य | |
| १६. | श्री भिम कुमारी परियार | सदस्य | |
| १७. | श्री सुन्दर प्रसाद श्रेष्ठ | सचिव | |
| | आमन्त्रित: | | |
| १८. | श्री जित कुमारी हेंगा | | |
| १९. | श्री रिमाराम कार्याल | | |
| २० | देव स्वरा आले | का.प्र. | |

अ.प्र.अ.

# कार्यपालिकाको चौधौ बैठकको प्रस्ताव तथा निर्णयहरु:-

मिति २०८२/१२/०५

प्रस्तावहरु:-

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्वन्धमा।
२. चालु आ.व. को लुम्बिनी प्रदेश विशेष कार्यक्रम सम्वन्धमा।
३. कार्यविधि सम्वन्धमा।
४. आ.व.२०८२/०८३ को दोस्रो चौमासिक समिक्षा सम्वन्धमा।
५. आ.व.२०८२/०८३ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई सम्वन्धमा।
६. आ.व.२०८२/०८३ को लघु उद्यम विकास कार्यक्रम सम्वन्धमा।
७. करारमा कर्मचारी भर्ना सम्वन्धमा।
८. खानेपानी पाइप खरिद सम्वन्धमा।
९. सिंचाई पाइप खरिद सम्वन्धमा।
१०. HIV संक्रमितको लागि यातायात खर्च सम्वन्धमा।
११. वर्थिङ्ग सेन्टरमा कार्यरत नर्सिङ्ग स्टाफलाई रात्रिकालिन सेवा भत्ता सम्वन्धमा।
१२. आर्थिक सहयोग सम्वन्धमा
१३. वडा नं.१ को पुरानो भवन भाडामा लगाउने सम्वन्धमा।
१४. चालु आ.व.जनतासँग माथागढी कार्यक्रम सम्वन्धमा।
१५. योजना सिफारिस सम्वन्धमा।

निर्णयहरु:-

१. कार्यपालिकाको यस अघिको बैठकबाट गरिएका निर्णय कार्यान्वयनको समिक्षा गरियो। धेरैजसो निर्णय कार्यान्वयन भएको पाईयो।
२. चालु आ.व. २०८२/०८३ को प्रदेश विशेष कार्यक्रममा पुंजीगत तर्फ रु.१७,००,०००/- (अक्षरुपी सत्र लाख रुपैया मात्र) बजेट प्रप्त भएकोले सो बजेट कार्यविधि बमोजिम कार्यान्वयन गर्ने र कृषि तर्फ मिनिटिलरको अत्यधिक माग भएकोले ५०% अनुदानमा मिनिटिलर खरिद गरी वितरण गर्ने सर्वसम्मतिले निर्णय गरियो।
३. माथागढी गाउँपालिकाको अत्यावश्यक देहायका कार्यविधिमा दफावार छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो।
क) बालमैत्री स्थानीय शासन सहजकर्ता नियुक्ति सम्बन्धी कार्यविधि,२०८२
ख) माथागढी गाउँपालिकाको उत्पादनमा आधारित अनुदान कार्यविधि,२०८०

अ.प्र.अ.

४. माथागढी गाउँपालिकाको आ.व. २०८२/०८३ को दोस्रो चौमासिक प्रगति समिक्षा कार्यक्रम मिति २०८२ चैत्र २३ गते आयोजना गर्ने सर्वसम्मतिले निर्णय गरियो।

५. माथागढी गाउँपालिकाको आ.व.२०८२/०८३ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०८२ चत्रै २७ गते वडा नं. ८ बहादुरपुरमा आयोजना गर्ने सर्वसम्मतिले निर्णय गरियो।

६. आ.व. २०८२/०८३ को लघु उद्यम विकास कार्यक्रम अन्तर्गत देहाय बमोजिम कार्यक्रम गर्ने सर्वसम्मतिले निर्णय गरियो।

क) लघु उद्यम स्तरोन्नती तालिम दुना टपरी उद्यमीलाई दिने।

ख) नयाँ उद्यम सिर्जना-बुटिक तालिम।

ग) प्रविधि हस्तान्तरण-दुना टपरी मेसिनको डाई खरिद गरी उपलब्ध गराउने।

७. माथागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा रिक्त रहेका देहायको पदमा कर्मचारी भर्ना गर्न अत्यावश्यक भएको हुनाले सूचना प्रकाशन गरी भर्ना प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीयलाई जिम्मेवारी दिने सर्वसम्मतीले निर्णय गरियो।

क. अ.हे.ब. चौथो तह-१ जना

ख. हलुका सवारी चालक श्रेणी विहिन-१ जना

८. चालु आ.व. २०८२/०८३ मा विनियोजित रु.१० लाखबाट देहाय बमोजिम खानेपानी पाइप खरिद गर्न टेण्डर प्रक्रिया गर्ने सर्व सम्मतिले निर्णय गरियो।

क) 20 mm PN 16- 9300m.

ख) 25 mm PN 12.5-9000m.

ग) 32 mm PN 10-1800m.

९. चालु आ.व. २०८२/०८३ मा विनियोजित रु.१० लाखबाट देहाय बमोजिम सिंचाई पाइप खरिद गर्न टेण्डर प्रक्रिया गर्ने सर्व सम्मतिले निर्णय गरियो।

क) 50 mm PN 10- 5800m.

१०. चालु आ.व.२०८२/०८३ मा विनियोजित स्वास्थ्य तर्फको HIV संक्रमितहरुका लागि उपचार
रकमबाट प्रति संक्रमित प्रति महिना ART मा गए
तथा पुनर्स्थापना कार्यक्रममा विनियोजित
सर्वसम्मतिले निर्णय गरियो।
बापत रु.१०००/- का दरले यातायात खर्च प्रदान गर्ने

११. माथागढी गाउँपालिका कार्यालय अन्तर्गत बर्थिङ्ग सेन्टरहरुमा कार्यरत नर्सिङ्ग स्टाफलाई
रात्रिकालिन सेवा बापत प्रति केस रु.१०००/- का दरले रकम उपलब्ध गराउने सर्वसम्मतिले
निर्णय गरियो।

१२. क) नेपाल मगर संघ जिल्ला समन्वय समिति पाल्पाको निवेदन बमोजिम जिल्ला स्तरीय प्रशिक्षण
कार्यक्रम सहयोगार्थ रु.१००००/- आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मतिले निर्णय
गरियो।

ख) तानसेन नगरपालिका वडा नं. ९ तीन्टीआँपमा संचालन हुने चौथो कृषि मेला प्रदर्शनको लागि रु.१००००/- आर्थिक सहयोऊ उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।

१३. माथागढी गाउँपालिका वडा नं. १ चिदीपानी बजार स्थित पुरानो वडा भवन प्रयोग विहिन र जिर्ण रहेको भवनलाई संरक्षण गर्ने उद्देश्यले मासिक रु.१०००/- मा भाडामा लगाउन वडा नं.१ कार्यालयलाई जिम्मेवारी सुम्पिने सर्वसम्मतिले निर्णय गरियो।

१४. चालु आ.व.जनतासँग माथागढी कार्यक्रममा विनियोजित रकमबाट कार्यक्रम सञ्चालन गर्न जनतासँग माथागढी कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८२ (संशोधन सहित) बमोजिम सूचिदर्ता गरेका देहायका रेडियो, टि.भि., पत्रपत्रिका, अनलाईन मिडियाहरुलाई देहाय बमोजिम रकम बराबरको कार्यक्रम सम्झौता गर्ने सर्वसम्मतिले निर्णय गरियो।

<u>तपसिल</u>

| क्र.सं. | सञ्चार माध्यम | सम्झौता रकम | कैफियत |
|---|---|---|---|
| १ | सामुदायिक रेडियो मदनपोखरा एफ.एम. | ७२०००/- | उत्पादन र प्रशारण |
| २ | श्रीनगर एफ.एम. | २४०००/- | प्रशारण |
| ३ | कम्युनिटी रेडियो मुक्तिनाथ | २४०००/- | प्रशारण |
| ४ | नवसंवाद साप्ताहिक पत्रिका | ५००००/- | |
| ५ | करुवा अर्धसाप्ताहिक पत्रिका | ७००००/- | |
| ६ | एवान टेलिभिजन | ४५०००/- | उत्पादन र प्रशारण |
| ७ | फ्ल्यास नेपाल प्रा.लि. | ३००००/- | |
| ८ | क्लिक मिडिया नेटवर्क | ३००००/- | |
| ९ | सेरोफेरो न्युज डट कम | ३००००/- | |
| १० | माडि भ्यू मिडिया प्रा.लि. | ५००००/- | |
| ११ | रानीमहल मिडिया प्रा.लि. | ३००००/- | |
| १२ | उमङ्ग मिडिया प्रा.लि. | ३००००/- | |
| | जम्मा | ४८५०००/- | |

१६. विविध

१. माथागढी गाउँपालिका वडा नं. १ को अर्पिडाँडामा रहेको दुना टपरी उद्योग सञ्चालनको लागि विद्युत लाईनको अभाव भएकोले १ नं. वडा कार्यालयको नाममा विद्युत मिटर जडान गरी सोको खर्च विविध कार्यक्रम शिर्षकबाट भुक्तानी दिने सर्वसम्मतिले निर्णय गरियो।

१५. यस माथागढी गाउँपालिकाको आ.व.२०८२/०८४ को योजना समावेशको लागि सम्बन्धित मन्त्रालयमा तपसिल बमोजिमका योजनाहरु सिफारिस गर्ने निर्णय गरियो।

तपसिल

- बाँसटारी झडेवा दुम्कीवास मोटर बाटो (दुई प्रदेश जोड्ने)
- सराई खेल मैदान
- झडेवा खैरेनी मोटर बाटो
- झडेवा जगात भुटुके सुनवल मोटर बाटो
- माथागढी पर्यटन पूर्वाधार विकास
- कौंडेलेक पर्यटन पूर्वाधार विकास
- लखन थापा पार्क (पर्यटन पूर्वाधार विकास)
- सराई बस्ती विकास योजना
- झडेवा बस्ती विकास योजना
- धैरेनी वस्ती विकास योजना
- झडेवा रिङ्ग रोड